"कोशीको गौरव हिमालको शान, पर्यटन वर्षमा सबैलाई सम्मान"

कोशी प्रदेश

# चिचिला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चिचिला, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

पत्र सङ्ख्या: २०८२/०८३
च. नं. १०५५

चिचिला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चिचिला संखुवासभा कोशी प्रदेश नेपाल २०७४

मितिः २०८२/०९/२९
ने.सं.११४६

## प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना।।।

प्रस्तुत विषयमा सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल को मिति २०८२ पौष २२ गते प्रकाशित महिला उद्यमी तथा महिला उद्यमी समूहलाई उद्यमशिलता प्रवर्द्धनका लागि प्रविधि सहयोग उपलब्ध गराउने सम्बन्धि सूचना बमोजिम प्रस्ताव पेश गर्न इच्छुक महिला उद्यमी तथा महिला उद्यमी समुहले माघ ६ गते भित्रमा महिला उद्यमी तथा महिला उद्यमी समूहलाई उद्यमशिलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ अनुसूचि १ को ढाँचा बमोजिम निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

.......................

विकास वि.क.
प्रमुख प्रशासकिय अधिकृत

विकाश वि.क.
प्रमुख प्रशासकीय अधिकृत

कोशी प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

विराटनगर, नेपाल

## महिला उद्यमी तथा महिला उद्यमी समूहलाई प्रविधि सहयोग उपलब्ध गराउने सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०८२ पौष २२ गते)

यस मन्त्रालयमा संघीय सशर्त अनुदान अन्तर्गत चालु आ.व. २०८२।८३ मा कोशी प्रदेश भित्रका १७ जना महिला उद्यमीहरु र २ महिला उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग उपलब्ध गराउने कार्यक्रम रहेको छ ।महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट जारी गरिएको महिला उद्यमी तथा उद्यमी समुहलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ४ बमोजिम इच्छुक महिला उद्यमी र महिला उद्यमीहरुको समूहले यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र प्रविधि सहयोगका लागि सम्बन्धित स्थानीय तहमा तपसिल बमोजिमका कागजात सहित निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

महिला उद्यमी र महिला उद्यमी समूहले कार्यविधिको अनुसूचि १ को ढाँचा बमोजिम निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः

१. उद्योग व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि नविकरण
२. स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्र
३. कर चुक्ताको प्रमाणपत्र
४. व्यावसायिक योजना
५. प्रविधिको क्षमता सहितको विवरण
६. यस अघि प्रदेश वा स्थानिय तहबाट प्रविधि सहयोग अनुदान प्राप्त गरेको छैन भन्ने महिला उद्यमी/महिला उद्यमी समूहको स्व-घोषणा पत्र ।
७. उद्यम व्यवसायमा हाल उपलब्ध प्रविधिको विवरण ।

सम्बन्धित स्थानीय तहले प्रविधि सहयोग माग गरी दिएका निवेदनहरु साथ संलग्न कागजातहरुको आधारमा कार्यविधिको दफा ७ बमोजिम एक जना महिला उद्यमी र एक जना महिला उद्यमी समूह छनोट गरी निवेदन दिने समय(म्याद) समाप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस मन्त्रालयमा

CamScanner

सिफारिस गरी पठाउनुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै, महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको वेबसाइटः www.mowcsc.gov.np मा हेर्न सकिने व्यहोरा समेत अनुरोध छ।

नोटः १३७ वटै स्थानीय तहले यसै सूचनालाई आधार मानी महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ बमोजिम कार्य सञ्चालन गर्न गराउनुहुन अनुरोध गरिन्छ। तसर्थ यस कार्यविधि विपरित गरी पठाइएका महिला उद्यमीहरु अर्थात निवेदकहरुलाई मूल्याङ्कनमा समावेश नगरिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

पुनश्चः छनोट भएका महिला उद्यमी वा महिला उद्यमी समूहले यस मन्त्रालयसँगको सम्झौता पश्चात प्रविधि खरिद गरे पछी तपसिल बमोजिमको अनुदान रकम सम्बन्धित महिला उद्यमी/महिला उद्यमी समूहको बैक खातामा उपलब्ध गराइने छ।

<u>तपसिलः</u>

| क्र.स. | विवरण | अनुदान रकम रु. |
|---|---|---|
| १ | प्रति महिला उद्यमी | २,००,००० |
| २ | प्रति महिला उद्यमी समूह | ३,००,००० |

स्थानीय तहमा निवेदन दिने समय (म्याद) समाप्त हुने मितिः २०८२ साल माघ ६ गते, कार्यालय समयभित्र।